# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, वैशाख ३ गते २०५८ साल (संख्या १


## भाग ३

### श्री ५ को सरकार

### जलस्रोत मन्त्रालयको सूचना

श्री ५ को सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको काम सम्पन्न गरी श्री ५ को सरकारसमक्ष प्रतिवेदन पेश गर्न देहायबमोजिमका अध्यक्ष र सदस्य रहेको एक जाँचबुझ आयोग गठन गरी आयोगको काम, कर्तव्य र अधिकार तथा कार्यविधि देहायबमोजिम तोकेको छ।

(१) आयोगको गठनः आयोगमा देहायबमोजिमका अध्यक्ष तथा सदस्य रहनेछन्:–

१) डा. भोलानाथ चालिसे, काठमाडौं – अध्यक्ष

२) श्री दीपककुमार रेग्मी, अधिवक्ता, काठमाडौं – सदस्य

३) प्राध्यापक श्री हरिदर्शन श्रेष्ठ, महासचिव, नेपाल इन्जिनियर्स एशोसियसन, काठमाडौं – सदस्य

(२) काम, कर्तव्य र अधिकारः आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

क) महाकाली सिंचाई आयोजनाको दोस्रो चरणको निर्माण कार्यका लागि नियुक्त ठेकेदार (कोनेको प्रा.लि., काठमाडौं)ले सो कार्यका सम्बन्धमा दाबी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरेको क्षतिपूर्ति विषयमा त्यस्तो क्षतिपूर्ति माग गर्नु पर्ने अवस्था कसरी उत्पन्न भयो, सम्बन्धित पदाधिकारीबाट निर्माण कार्य सम्पन्न गराउने दौरानमा कुनै प्रकारका त्रुटि, कमि कमजोरी वा लापरबाही भएको थियो वा आवश्यक सतर्कता अपनाइएको थियो थिएन, पदीय जिम्मेवारी निभाइएको थियो थिएन ? जाँचबुझ गर्ने।

ख) जाँचबुझको सिलसिलामा देखिन आएका कमि कमजोरी वा त्रुटि कुन पदाधिकारीबाट के कसरी भए गरिएका हुन् र यस्ता पदाधिकारीलाई के कस्तो कारवाही गरिनु पर्ने हो सम्पूर्ण कुराको ठहर सहितको प्रतिवेदन पेश गर्ने।

ग) यस्तै विकास निर्माण सम्बन्धी अन्य योजना/आयोजनाहरूमा उल्लेखित किसिमका हर्जाना सम्बन्धी माग दावी आउन नदिन सरकारी पक्षबाट गरिनु पर्ने काम कारवाही एवं अपनाउनु पर्ने प्रकृया सम्बन्धमा राय सुझाव समेत दिने।

(३) आयोगको कार्यावधिः

आयोगको कार्यावधि यो सूचना नेपाल राजपत्रमा प्रकाशन भएको मितिले ३ महिनाको हुनेछ।

आज्ञाले,

महेशमान श्रेष्ठ

श्री ५ को सरकारको निमित्त सचिव

श्री ५ को सरकार

## श्रम तथा यातायात व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले वैदेशिक रोजगार ऐन, २०४२ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी वैदेशिक रोजगार व्यवसायको लागि "रिपब्लिक अफ मालिदभ्स" लाई नेपाली कामदार पठाउन सकिने देशको रूपमा तोकेको छ।

आज्ञाले,

ललितबहादुर थापा

श्री ५ को सरकारको निमित्त सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६४